सर्वोच्च अदालत संयुक्त इजलास

माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश श्री ज्ञानेन्द्र बहादुर कार्की

आदेश

२०६६ - WO -१३३३

विषय :- उत्प्रेषण प्रतिषेध परमादेश ।

बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. २ बस्ने दिनदयाल राउतको छोरा वर्ष ६१ को सुकदेव राय यादव .....१ **निवेदक**

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं .१

कानून तथा न्याय मन्त्रालय सिंहदरवार, काठमाडौं १

गृह मन्त्रालय सिंहदरवार, काठमाडौं.....१

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं १

जिल्ला सरकारी वकिलको कार्यालय, बारा.....१

श्री बारा जिल्ला अदालत, कलैया बारा.....१

बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. १ बस्ने अम्बिकाप्रसाद साह कानूको छोरा वर्ष ३२ को महेश प्रसाद साह कानू.....१ **विपक्षी**

ऐ.ऐ. वडा नं. ७ बस्ने गौरीशंकर प्रसाद कलवारको छोरा गणेश कलवार.....१

ऐ.ऐ. वडा नं. ३ बस्ने रामचन्द्र साहको छोरा सुनिल प्रसाद जैसवाल कलवार १

ऐ.ऐ. वडा नं. २ बस्ने राम अयोध्या प्रसाद यादवको छोरा दिनेश प्रसाद यादव.....१

ऐ.ऐ. वडा नं. १ बस्ने रामलखन साह तेलीको छोरा शिवशंकर साह तेली १

ऐ.ऐ. बस्ने रामबाबु प्रसाद साह तेलीको छोरा मनोजप्रसाद साह तेली.....१

ऐ.ऐ. बस्ने रामजी भन्ने रामएकवाल तेलीको छोरा कृष्णप्रसाद साह तेली.....१

ऐ.ऐ. बस्ने किसुन पंडितको छोरा चतुरगुण पंडित कुम्हार १

ऐ.ऐ. बस्ने किसुन पंडित कुम्हारको छोरा जोखु पंडित कुम्हार १

ऐ.ऐ. वडा नं. ५ बस्ने स्व.रहदेव राउतको छोरा रामचन्द्र प्रसाद यादव १

ऐ.ऐ. बस्ने रामचन्द्र प्रसाद यादवको छोरा दारा प्रसाद यादव.....१

ऐ.ऐ.वडा नं. ७ बस्ने अवु महम्मदको छोरा अब्दुल सतार अन्सारी.....१

ऐ.ऐ. बस्ने अवु महम्दको छोरा अमजद अली अन्सारी.....१

ऐ.ऐ. बस्ने नेसारुल हक अन्सारीको छोरा अनिसुल रहमान अन्सारी.....१

ऐ.ऐ.वडा नं. २ बस्ने हरेन्द्रप्रसाद यादवको छोरा मनोज प्रसाद यादव.....१

ऐ.ऐ. वडा नं. ३ बस्ने शंकर महतोको छोरा धिरेन्द्र प्रसाद कुशवाहा कोईरी.....१

ऐ.ऐ. वडा नं. ५ बस्ने स्व.तपास ठाकुर लोहारको छोरा नथुनी ठाकुर लोहार.....१

ऐ.ऐ. वडा नं. ७ बस्ने नन्दकिशोर साह कानू १

ऐ.ऐ. वडा नं. १ बस्ने बनारसी साह तेलीको छोरा सुरेश प्रसाद साह तेली १

ऐ.ऐ. वडा नं. २ बस्ने गौरीशंकर यादवको छोरा राजकिशोर प्रसाद यादव.....१

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

म निवेदकको छोरा रामप्रकाश यादव, कन्हैया यादव, भतिजा दारा यादव र गाऊँकै भोज पकाउने मिस्त्री अम्बिका महतो नुनीयालाई बिपक्षी खण्डमा उल्लेखित व्यक्तिहरुले मिति २०६६।९।२२ गते बेलुकी ८:३० बजेको समयमा बन्दुकले ताकीताकी हत्या गरेउपर बारा जिल्ला अदालतमा कर्तव्य ज्यान, ज्यानमार्ने उद्योग मुद्दा दायर गरेकोमा पक्राउ परी आएका प्रतिवादीहरु मध्ये गणेश कलवार र महेशसाह कानूलाई श्री बारा जिल्ला अदालतको मिति २०६६।११।१९ को आदेशमा पूर्पक्षको निमित्त थुनामा राखेकोमा पुनरावेदन अदालत हेटौंडा समेतले बारा जिल्ला अदालतको आदेशलाई मिति २०६७।३।३ मा सदर गरेको थियो ।

निजहरुलाई थप कर्तब्य ज्यान मुद्दामा शुरु अदालतले थुनामा राख्ने आदेश समेत भएको छ । छोरा रामप्रकाश यादव विकास प्रेमी, गाउँ समाजमा लोकप्रिय एवं ब्यापारी भएको र अर्का छोरा कन्हाई यादव ने.रा.प्रा.वि.मल्हनीका शिक्षक थिए । मृतक छोराहरुले साझेदारीमा बारा जिल्ला करैया गा.वि.स.वडा नं. ६ बजनी गाउँमा ईंटाभट्टामा काम गर्ने मज्दुर र नेताहरुको लागि भोजको आयोजना गरेको र मिति २०६६।९।२२ गते बेलुका भोज खाई फर्कने क्रममा विपक्षी खण्डमा उल्लेखित व्यक्तिहरुले योजनावद्ध ढंगले बाटोगौडा छेकी निर्मम तरिकाले हत्या गरेको तथ्य बारा जिल्ला अदालतको सक्कल मिसिल संलग्न कागजातबाट देखिन्छ ।

सुनियोजित हत्याको घटनाबाट पिडित म निवेदकले विपक्षीहरुउपर हदैसम्म कारवाहीको निम्ति जाहेरी दिई मुद्दाको कारवाही चलिरहेको अवस्थामा बिपक्षी नेपाल सरकार मन्त्रीपरिषद्को कार्यालय समेतबाट मिति २०६७।३।१६ मा उक्त कतब्य ज्यान मुद्दा फिर्ता लिने निर्णय भएको कुरा जानकारी हुन आएकोमा सो सम्बन्धमा के भएको रहेछ भनी विपक्षी कानून तथा न्याय मन्त्रालयमा नक्कल माग गर्न जाँदा सो निर्णयको नक्कल नदिइ इन्कार गरेको र विपक्षी कानून तथा न्याय मन्त्रालयले बिपक्षी महान्यायाधिवक्ताको कार्यालयलाई लेखेको मिति २०६७।०३।२० को पत्रको फोटोकपी तथा गोरखापत्र दैनिक तथा राजधानी दैनिक पत्रिकाहरुमा मिति २०६७।३।२४ मा प्रकाशित समाचार समेतबाट उक्त कर्तव्य ज्यान तथा ज्यानमार्ने उद्योग मुद्दा फिर्ताको निर्णय भएको जानकारी हुन आएको र बिपक्षीहरुको उक्त कार्य गैरसंवैधानिक, गैरकानूनी एवं मौलिकहक समेतको हनन भएकोले प्रस्तुत रिट निवेदन गर्न उपस्थित भएको छु ।

विपक्षीले मुद्दा फिर्ता गर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) बमोजिम उचित आधार र कारण देखाउन सकेको देखिदैन । विपक्षी महेशप्रसाद साह कानु समेतले विशुद्ध फौजदारी अपराध गरेको देखिन्छ । विपक्षी नेपाल सरकारका प्रधानमन्त्रीले प्रधानमन्त्री पदबाट राजिनामा गरी आफू कामचलाउ भएको दिनमा नै उक्त निर्णय गरेको देखिन्छ । कामचलाउ अवस्थाको बिपक्षी मन्त्रिपरिषद्लाई कार्यकारी अधिकार नभई सामान्य कामचलाउ सम्मको अधिकार भएको अवस्थामा मुद्दा फिर्ता जस्तो महत्वपूर्ण निर्णय गर्नुबाट विपक्षीहरुले सफा र शुद्ध नियतबाट प्रस्तुत मुद्दा फिर्ताको निर्णय गरेको नभई

समाजमा हिंसा र अराजकतालाई बढावा दिने,शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने र म निवेदकका दुई जना छोराहरुको क्रुरतापूर्वक हत्या भएकोमा थपपिडा हुने गरी मेरो पिडालाई समेत बल्झाउने गरी बिपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मुद्दा फिर्ताको निर्णय भएको छ बिपक्षी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रकृया अघि बढाई बिपक्षी बारा जिल्ला अदालत समेतबाट केही दिन भित्रै मुद्दा फिर्तालाई सहमति दिई थुनामा रहेका आपराधिक प्रवृत्तिका विपक्षीहरुलाई थुनामुक्त गरी समाजमा भय र त्रासको अवस्था श्रृजना गर्न लागेको जानकारी पाई तत्काल बिपक्षी बारा जिल्ला अदालतलाई समेत सो कार्य गर्नबाट रोकी अपराधलाई निरुत्साहित पार्न प्रस्तुत निवेदन लिई उपस्थित भएको छु । यो सार्वजनिक सरोकारको विषय समेत हो । यस्तै प्रकृतिको निवेदक अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध प्रधानमन्त्री पुष्पकमल दाहाल समेत भएको २०६५ सालको रिट नं. ०३५७ को उत्प्रेषण मुद्दामा यसै सम्मानित अदालतबाट मुद्दा फिर्ता लिने कार्य नगर्नु भन्ने अन्तरिम आदेश जारी भै हाल कारवाहीयुक्त अवस्थामा रहेको छ ।

यसरी मुद्दा फिर्ता लिने गरी भएको उक्त मिति २०६७।३।१६ को निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी बिपक्षी बारा जिल्ला अदालतको आदेशबाट थुनामा रहेका बिपक्षीहरु गणेश कलवार र महेश साह कानूलाई थुनामुक्त गरी मुद्दा फिर्तालाई सहमति दिने प्रकृया शुरु भएको कुरा जानकारी हुन आएको हुँदा सो अदालतले उक्त कार्य गर्ने संभावना भएकोले प्रस्तुत रिट निवेदनको किनारा नलाग्दासम्म थुनामुक्त गर्ने गरी सहमति दिने कार्य नगर्नु नगराउनु भनी विपक्षी श्री बारा जिल्ला अदालतका नाउँमा प्रतिषेधको आदेश जारी गरी पाउँ । साथै सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१ बमोजिम यो निवेदनको अन्तिम किनारा नलागेसम्म २०६७।३।१६ को मन्त्रीपरिषदको निर्णय कार्यान्वयन नगर्नु नगराउनु एवं मुद्दा फिर्ता लिने कुनै पनि प्रकृया अगाडि नबढाई यथास्थितिमा राख्नु भनी बिपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी अग्राधिकार प्रदान गरि न्याय इन्साफ पाउँ भन्ने समेतको रिट निवेदन ब्यहोरा ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित

निर्णय सहितको फायल समेत साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतलाई सूचना पठाई त्यसको वोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनु । विपक्षी महेशप्रसाद साह कानू समेतका व्यक्तिहरुका हकमा लिखित जवाफ लिई आफैं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ परेपछि वा सोको अवधि व्यतित भएपछि नियम बमोजिम पेश गर्नु ।

साथै पूर्व रिसइवीका कारण योजनाबद्ध तरिकाले गोली हानी मानिस मारेको मुद्दालाई राजनीतिक वारदातको संज्ञा दिई नेपाल सरकार मन्त्रीपरिषदबाट मुद्धा फिर्ता लिने निर्णय भएबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ द्वारा प्रदत्त न्याय प्राप्तगर्ने निवेदकको मौलिक हक हनन भएको भन्ने समेत रिट निवेदनमा उल्लेख भै तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादीहरु कसुरदार देखिएको हुँदा पुर्पक्षको लागि थुनामा राख्ने गरी वारा जिल्ला अदालतबाट मिति २०६६।११।१९ मा थुनछेकको आदेश भैरहेको देखिन आएबाट प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नगालेसम्म नेपाल सरकार (मन्त्रीपरिषद्) बाट वादी नेपाल सरकार प्रतिवादी राजकिशोर प्रसाद यादव समेत २० जना भएको बारा जिल्ला अदालतमा विचाराधिन कर्तव्य ज्यान तथा ज्यानमार्ने उद्योग मुद्दा फिर्ता लिने गरी मिति २०६७।३।१६ मा भएको निर्णय र सो निर्णय कार्यान्वयनका लागि कानून तथा न्याय मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयलाई लेखेको मिति २०६७।३।२० को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ सोको सूचना विपक्षीहरुलाई दिनु भन्ने समेत यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६७।३।३० मा भएको आदेश ।

प्रस्तुत मुद्दा फिर्ता लिने सम्बन्धमा गृह मन्त्रालयबाट लेखी आएको र सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ले नेपाल सरकार वादी भई अदालतमा विचाराधिन रहेका जुनसुकै फौज्दारी मुद्दा सम्बन्धित अदालतको अनुमति लिई फिर्ता लिनसक्ने अधिकार नेपाल

सरकारलाई प्रदान गरेको हुँदा फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधीको अधिनमा रही नेपाल सरकार, मन्त्रिपरिषद्बाट सो मुद्दा फिर्ता लिने सम्बन्धमा निर्णय भएको हो । जहाँसम्म नेपाल सरकारबाट मुद्दा फिर्ता लिने सम्बन्धमा उचित आधार र कारण खुलाउन नसकेको भन्ने निवेदकको प्रश्न छ, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) बमोजिम नेपाल सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता लिने सम्बन्धमा गृह मन्त्रालयबाट सोको आधार र कारण खुलाई प्राप्त भएको र मुद्दा फिर्ता लिने कार्य अदालतको अनुमतिबाट मात्र सम्भव हुने र अदालतले अनुमति नदिएको अवस्थामा नेपाल सरकारको निर्णयबाट मात्र स्वतःमुद्दा फिर्ता नहुने हुँदा सो विषय सम्बन्धित अदालतबाट समेत विचार हुने नै हुँदा अदालतबाट न्यायिक रोहबाट विचार हुने विषयमा रिट जारी हुन सक्दैन भन्ने समेतको कानून तथा न्याय मन्त्रालयका तर्फबाट यस अदालत समक्ष परेको लिखीत जवाफ ।

नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा सम्बन्धित जिल्ला अदालतले मुद्दा फिर्ता गर्ने आदेश दिनसक्ने व्यवस्था रहेको छ । नेपाल सरकारको निर्णयलाई अदालतले अस्वीकार गर्न सक्ने अधिकार रहेको हुन्छ । प्रस्तुत निवेदनको सन्दर्भमा पनि यस मन्त्रालयले मुद्दा फिर्ताको निवेदन दर्ता गरी निवेदन साथ प्राप्त आवश्यक कारवाहीको लागि फायल पठाईने र कानून मन्त्रालयबाट आवश्यक प्रक्रिया सम्पन्न गरि जिल्ला अदालत पठाईने गरिएको छ । यसर्थ यस मन्त्रालयको आवश्यक कागजात संकलन गरि सो कागजात सहित मिसिल कानून मन्त्रालयमा पठाउने कार्यवाहेक अन्य प्रकृयामा कुनै भुमिका नरहेको व्यहोरा अनुरोध छ भन्ने समेतको यस अदालत समक्ष कानून तथा न्याय मन्त्रालयका तर्फबाट पेश भएको लिखित जवाफ ।

सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा २९ को व्यवस्था, सम्मानित अदालतबाट भएको न्यायिक व्याख्या एवं फौज्दारी मुद्दाहरु फिर्तालिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधी,२०५५ समेतले वादी नेपाल सरकार प्रतिवादी बारा जिल्ला गन्जभवानीपुर गा.वि.स. वडा नं. २ बस्ने राजकिशोरप्रसाद यादव समेत २० जना प्रतिवादीहरु भएको बारा जिल्ला अदालतमा विचाराधिन रहेको कर्तव्य ज्यान तथा ज्यानमार्ने

उद्योग मुद्दा फिर्ता लिन रोक नलगाएको र राजनैतिक दलहरुको सिफारिस समेत रहेकोले मुद्दा फिर्ता लिने विषयको कानून तथा न्याय मन्त्रालयको नं. ४/७-०६७-२-२० को प्रस्ताव मन्त्रिपरिषद्मा पेश हुँदा मन्त्रीपरिषदको बै.स.१५/०६७ मिति २०६७।३।१६ को बैठकबाट राजकिशोर प्रसाद यादव समेत २० जना प्रतिवादी भएको बारा जिल्ला अदालतमा बिचारधिन रहेको कर्तव्य ज्यान तथा ज्यानमार्ने उद्योग मुद्दा फिर्ता लिने निर्णय भएको हो । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ ले प्रचलित कानून बमोजिम नेपाल सरकारवादी भै हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको र नेपाल सरकार उपर परेको मुद्दा मामिला फिर्ता लिन सम्बन्धित अदालत समेतको मञ्जुरी आवश्यक पर्ने र अदालतले विद्यमान कानूनी व्यवस्था समेतको आधारमा मुद्दा फिर्ता मन्जुरी दिने वा नदिने सम्बन्धमा निर्णय गर्ने सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय बमोजिम मुद्दा फिर्ता लिन मन्जुरी दिने वा नदिने अदालतको निर्णयमा असर पर्ने गरी सम्मानित अदालतबाट माग बमोजिमको आदेश जारी हुन नसक्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको नेपाल सरकारका सचीवका तर्फबाट यस अदालत समक्ष पेश भएको लिखीत जवाफ ।

मिति २०६६।९।२० मा सुनिलप्रसाद जैसवाल समेत २० जनाले बाटो ढुकी वन्दुक लिई एकैपटक अन्धाधुन्दा गोली फायर गर्दा अम्बिका महतो, दारा प्रसाद यादब, राम प्रकाश यादवको मृत्यु भएकोमा ज्यान सम्बन्धीको १ नं. र १३(१) नं.को कसुर अपराधमा ऐ.को १३(१) नं.बमोजिम सजाय र सोही वारदातमा गोली प्रहारबाट सियाराम महतो र कन्हैया प्रसाद यादब घाईते भएकोमा ऐ.महलको १ नं. र १५ नं.को कसूर अपराधमा ऐ.१५ नं.बमोजिम सजायको मागदावी लिई मिति २०६६।११।१६ मा कर्तव्य ज्यान र ज्यानमार्ने उद्योगको मुद्दा दायर गरिएको छ । उक्त वारदातमा घाइते भै नर्भिक इन्टरनेशनल अस्पताल काठमाडौंमा उपचारको क्रममा रहेको कन्हैयाप्रसाद यादबको मिति २०६६।११।१६ मा मृत्यु भएकोमा प्रतिवादी सुनिलप्रसाद जैसवाल समेत २० जनालाई कर्तव्य गरी मारेकोमा अभियोगमा ज्यान सम्बन्धीको १ र १३(१) नं. को कसूरमा १३(१) नं. बमोजिम सजायको मागदावी लिई मिति २०६७।२।२६ मा वारा जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएको छ । नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०६७।३।१६ को निर्णयानुसार सुकदेव राय यादवको जाहेरीले वादी

नेपाल सरकार प्रतिवादी राजकिशोरप्रसाद यादव समेत २० जना प्रतिवादी भएको वारा जिल्ला अदालतमा दायर भएको कर्तव्य ज्यान र ज्यानमार्ने उद्योग मुद्दा सरकारी मुद्दा सम्वन्धि ऐन २०४९ को दफा २९(१) बमोजिम फिर्ता लिने निर्णय कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त भै महान्यायाधिवक्ताको कार्यालयको मिति २०६७।३।२२ को निर्णयानुसार उक्त निर्णय कार्यान्वयनको लागि नेपाल सरकारको निर्णयको प्रतिलिपी सहित प्राप्त भै नेपाल सरकारको निर्णय कार्यान्वयन गराउनु पर्ने जिम्मेवारी भएको हुँदा यस कार्यालयबाट च.नं. ७८३ मिति २०६७।३।३१ मा नेपाल सरकारको निर्णयको छायाप्रति सहित वारा जिल्ला अदालतमा पठाइएकोमा बारा जिल्ला अदालतबाट उक्त मुद्दा फिर्ता दिने आदेश भई नसकेको अवस्था छ । मुद्दा फिर्ता लिने निर्णय नेपाल सरकार (मन्त्री परिषद) को अधिकार रहेको हुँदा यस कार्यालयको आदेशानुसार निर्णय कार्यान्वयन सम्म गरिएको हो तसर्थ निवेदकको निवेदन बमोजिम न्याय पाउने मौलिक हक हनन हुने कार्य नगरेको हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला सरकारी वकिल कार्यालय बाराको तर्फबाट यस अदालत समक्ष परेको लिखित जवाफ ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) मा "प्रचलित कानून बमोजिम नेपाल सरकार वादी भई हेरिने वा नेपाल सरकारको तर्फबाट चलाईएको वा नेपाल सरकार उपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकिलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मञ्जुरीले त्यस्तो मुद्दा मध्ये नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिने निर्णय गरी कार्यान्वयनका लागि यस कार्यालयमा निर्णय सहितको पत्र प्राप्त भए अनुसार सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पत्राचार गर्ने कामसम्म गरिएको कार्यले निवेदकको हकमा असर पर्ने होईन । नेपाल सरकार वादी भै चलेको मुद्दा फिर्ता हुनका लागि जिल्ला अदालतबाट मुद्दा फिर्ता गर्न मञ्जुरी दिनुपर्ने हुन्छ । नेपाल सरकारको निर्णय नै मुद्दा फिर्ता गर्ने सम्बन्धमा अन्तिम निर्णय होइन । प्रस्तुत रिटमा उल्लेख भएको मुद्दा फिर्ता लिने सम्बन्धमा अदालतबाट मञ्जुरी हुने वा नहुने अवस्था बाँकी हुँदाको अपरिपक्व अवस्थामा दायर भएको रिट खारेज भागी छ भन्ने

समेतको महान्यायाधीवक्ताको कार्यालयको तर्फबाट यस अदालत समक्ष पेश हुन आएको लिखित जवाफ ।

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा जाहेरवालाको हैसियत सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २३ बमोजिम कारवाही चलाउने सम्म हुँदा जाहेरवालाको रुपमा रहेका विपक्षी रिट निवेदकको हैसियत पनि गवाह मात्र भएकोले मुद्दाका पक्ष सरहको हैसियतले रिट निवेदन दिने निवेदकहरुलाई हकदैया छैन । मन्त्रीपरिषदबाट निर्णय हुँदैमा अड्डाले उक्त निर्णय उययुक्त छ छैन भन्ने कुरा जिल्ला अदालतको अधिकार अन्तर्गत पर्ने विषय भएको हुँदा सम्मानित सर्वोच्च अदालतबाट रिट क्षेत्राधिकार प्रयोग गरी हेर्न र निर्णय गर्न मिल्दैन । संसदिय व्यवस्थामा मन्त्रीपरिषदलाई कानून अनुरुप आफूमा निहित अधिकार प्रयोग गर्न कुनै बन्देज छैन । संविधानको धारा १५१ मा राष्ट्रपतिलाई माफी सम्बन्धी अधिकार दिईएको छ त्यसरी नै सरकारवादी फौजदारी मुद्दा फिर्ता लिन पाउने अधिकार नेपाल सरकारलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ ले प्रष्ट गरेको हुँदा कानूनतःप्राप्त अधिकारको प्रयोग गरी भएको निर्णय उपर न्यायिक पुनरावलोकन हुन सक्दैन । कस्तो प्रकृतिको मुद्दा फिर्ता लिने वा नलिने भन्ने विषयमा निर्णय गर्ने अधिकार नेपाल सरकारको स्वविवेकिय अधिकार हो । सरकारले परिवर्तित राजनैतिक अवस्था, देशको शान्ति सुरक्षा , वैदेशिक सम्बन्ध लगायत अन्य विभिन्न कुराहरुलाई मध्यनजर राख्दै मुद्दा फिर्ता लिन सक्ने कुराको व्याख्या भै ने.का.प. ०५१ अंक ७ पृष्ठ ५०४ नेपाल सरकार विरुद्ध दिल बहादुर लामा समेतको मुद्दामा सिद्धान्त प्रतिपादित भएको छ । त्यसैले सरकारले मुद्दा फिर्ता लिनुपर्ने सम्पूर्ण भित्री कारण उल्लेख गर्न नमिल्ने हुनाले अदालतले नेपाल सरकारलाइ प्राप्त अधिकारको प्रयोग उचित कारणको लागी सदनियतले गर्न खोजेको हो होईन भन्ने कुराको जाँचबुझ गरी मुद्दाको विषयवस्तुभित्र प्रवेश गरी अदालतले मन्जुरी प्रदान गर्ने नगर्ने अख्तियारी जिल्ला अदालतलाई प्राप्त भएकोले सरकारले मुद्दा फिर्ता लिनुपर्ने आवश्यकता र अदालतले हेर्ने औचित्यतालाई समेत मिलाई सन्तुलन कायम गरिएको कुरा सो कानूनी व्यवस्थाले स्पष्ट गर्दछ । सोही कानूनी व्यवस्था अन्तर्गत उक्त मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी नेपाल सरकारको निर्णय उचित छ छैन भन्ने सम्बन्धमा जिल्ला अदालतको

क्षेत्राधिकारमा प्रतिकूल प्रभाव पर्ने गरि हुने निर्णय रिट क्षेत्रबाट हुन सक्दैन । कुनै व्यक्ति उपर लागेको फौजदारी मुद्दा फिर्ता लिन सक्ने, मुद्दा नै नचलाउने वा सजाय पाएकालाई माफि दिने निर्णय (Executive Domain) भित्र पर्ने कुरा हो । सरकारले मुद्दा फिर्ता लिने अधिकार भनेको आवश्यकता अनुसार वृहत सार्वजनिक हितलाई ध्यानमा राखि प्रयोग हुने तथ्यमा प्रवेश गरी हेर्दा रिट क्षेत्राधिकारबाट नमिल्ने हुँदा विपक्षीको रिट खारेज भागी छ भन्ने समेतको विपक्षी महेश प्रसाद साह र गणेश प्रसाद साह कानु समेतको तर्फबाट यस अदालत समक्ष पेश भएको लिखित जवाफ ।

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा जाहेरवालाको हैसियत सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २३ बमोजिम कारवाही प्रारम्भ गर्नेसम्म हुने हुँदा जाहेरवालाको रुपमा रहेका विपक्षी रिट निवेदकको हैसियत पनि गवाह मात्र भएकोले मुद्दाका पक्ष सरहको हैसियतले रिट निवेदन दिने निवेदकलाई हकदैया छैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३८(९) मा प्रधानमन्त्रीले राजिनामा दिएर वा अन्य कारणबाट पदमुक्त भएपनि अर्को मन्त्रीपरिषद गठन नभएसम्म सोही मन्त्रीपरिषदले कार्य संचालन गरी रहने छन् भन्ने उल्लेख भएबाट राजिनामा दिए पछिको मन्त्रीपरिषदले कुनै काम गर्न नपाउने भन्न मिल्दैन ।अज्ञात हतियारधारीबाट उक्त हत्या भएको स्वीकार गर्दै नेपाल सरकारले त्यस्ता मृतक परिवारलाई दिने क्षतिपूर्ति समेत लिई पाई सकेको तथ्य जिल्ला प्रशासन कार्यालयको पत्रबाट देखिएको छ । मुद्दा फिर्ता लिन नेपाल सरकारसँग लिखित अनुरोध गरेबाट सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ को मर्म र भावनालाई हृदयगम गरी नेपाल सरकार मन्त्री परिषदले सम्बद्ध कार्यालयहरुको राय सुझाव समेत लिई मुद्दा फिर्ता लिनु नै उपयुक्त हुने देखि मुद्दा फिर्ता लिने निर्णय गरेको हो ।

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९(१) ले मुद्दा फिर्ता लिँदा पहिलो सर्त नेपाल सरकार वादी भै चलेको फौजदारी मुद्दा हुनु पर्ने र सोही ऐनको उपदफा (२) ले फिर्ता लिँदा मुद्दा गैर सरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर नपर्ने खालको समेत हुनुपर्ने पूर्व शर्त तोकिएकोमा उक्त शर्तहरु पूरा भएको भन्ने कुरा उक्त मुद्दाबाटै प्रष्ट छ । उक्त दफा २९ ले नतोकिएको कुराहरु नेपाल सरकारको निर्णयमा देखाउनु पर्छ भनी नेपाल

सरकारलाई बाध्य पार्न मिल्दैन । नेपाल सरकारको मुद्दा फिर्ता गर्ने निर्णय प्रशासकिय निर्णय हो । नेपाल सरकारले देशको दैनिक प्रशासन संचालन गर्ने क्रममा गरेको निर्णयहरु अदालतको न्यायिक क्षेत्राधिकार भित्र पर्दैन । देशको शान्ति सुरक्षा सम्बन्धी प्रश्न विसुद्ध राजनैतिक प्रश्न हो । देशमा शान्ति सुव्यवस्था अमनचयन कायम हुने देखिएमा नेपाल सरकार वादी भै चलाएका मुद्दा फिर्ता लिने निर्णय गर्दा कारण खुलाउनु पर्ने वा सफाईको मौका प्रदान गर्ने अनिवार्यता छैन ।

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ ले मुद्दा फिर्ता लिन पाउने अधिकार नेपाल सरकारलाई प्रदान गरेको र मुद्दा फिर्ता लिनलाई उक्त कानूनी व्यवस्थाले नै अदालतले मन्जुरी लिनुपर्ने वाध्यात्मक व्याख्या गरेको छ । अदालतको मन्जुरी वेगर मुद्दा वापस हुन सक्ने अवस्था देखिदैन । अदालतले मुद्दा वापस दिँदा मुद्दाको औचित्यमा प्रवेश गरी मुद्दा फिर्ता गर्न मन्जुरी दिने वा नदिने भन्ने सम्बन्धमा विचार गर्ने र मन्जुरी प्रदान नगर्ने गरी निर्णय गर्न सक्ने अख्तियारी समेत जिल्ला अदालतलाई प्रदान गरेको छ । नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा सम्पूर्ण कारण, औचित्य र आधार नखुलाए पनि अदालतले मुद्दा फिर्ता दिनुपूर्व उक्त मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी विचार गर्न सकिने कानूनी व्यवस्था रहेभएबाट उचित आधार र कारण उल्लेख छैन भनि विपक्षीले भन्दैमा उक्त निर्णय वदर हुने अवस्था हुन्न । शंकर प्रसाद ढकाल विरुद्ध मन्त्री परिषद सचिवालय समेत भएको २०५२ सालको रिट नं. २४०६ तथा २०५२ सालको रिट नं. २४८९ रिट निवेदनमा विशेष इजलासबाट मिति २०५३।७।२२ मा भएको व्याख्या समेतबाट नेपाल सरकारले मुद्दा फिर्ता लिन सक्ने कुरा निर्विवाद रुपमा स्थापित छ ।

वारदातमा हाम्रो संलग्नता नरहेको, हामी निर्दोष व्यक्ति भै विसुद्ध राजनैतिक पूर्वाग्रहबाट उक्त मुद्दा चलाइएको भन्ने कुरा मौकामा तयार भएको मृतक दाराप्रसाद यादव अम्बिका महतो नुनिया, राम प्रकाश यादवको मिति २०६६।९।२२ र २३ गते भएको लासजाँच मुचुल्का ऐ.२२ गते भएको घटनास्थल मुचुल्कामा उल्लेखित दर्खास्त र सूचनाको छोटकरी विवरणमा उल्लेखित तथ्यबाट तथा निउँदो शहिदका रुपमा वारदात भएको २७ दिनपछि योजनावद्ध रुपमा तैयार गरिएको जाहेरी लगायतका प्रमाणहरुबाट देखिएको छ । यी सबै

तथ्यहरु रिट क्षेत्राधिकारबाट हेर्न मिल्दैन । प्रस्तुत मुद्दामा निष्कर्षमा पुग्नको लागि तथ्यमा प्रवेश गर्नुपर्ने देखिएको र तथ्यमा प्रवेश गरी हेर्दा रिट क्षेत्राधिकारबाट नमिल्ने हुँदा विपक्षीको रिट खारेज भागी छ । नेपाल सरकारले मुद्दा फिर्ता लिने सम्बन्धमा गरेको निर्णय उपयुक्त छ छैन भनि परीक्षण गर्ने मुद्दाको विषयवस्तु भित्र प्रवेश गर्नुपर्ने र उक्त निर्णय बमोजिम मुद्दा फिर्ता दिने वा नदिने भनि आदेश गर्ने अधिकार वारा जिल्ला अदालतलाई भएको र उक्त कुरा अद्यापी विचाराधिन रहे भएको प्रस्तुत निर्णयले जिल्ला अदालतको विचाराधिन तथ्यका सम्बन्धमा अनुकुल वा प्रतिकुल प्रभाव पार्ने हुँदा असाधारण अधिकारक्षेत्रबाट प्रभावित तुल्याई तल्लो तहको अदालतको अधिकारक्षेत्रमा हस्तक्षेप गर्न समेत नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्ने समेतको विपक्षी अनिसुल रहमान अन्सारी, सुनिल प्रसाद जैसवाल कलवार समेतका विपक्षीहरुको यस अदालतमा पेश भएको एकै मिलानको लिखित जवाफ ।

नियमबमोजिम दैनिक मुद्दा पेशीसूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री बद्री बहादुर कार्की अधिवक्ता श्री रमण कुमार श्रेष्ठ, अधिवक्ता श्री माधबकुमार बस्नेत, अधिवक्ता श्री भिर्माजुन आचार्य, अधिवक्ता श्री उद्धव प्रसाद चौलागाई, अधिवक्ता श्री सुबास आचार्यले नितान्त आपराधिक क्रियाकलापबाट निवेदकका छोराहरुलाई कर्तव्य गरी मारेको यस्तो जघन्य अपराधमा मुद्दा फिर्ता लिनेगरी नेपाल सरकारले निर्णय गरेको कार्य संविधान तथा फौजदारी न्यायका मान्य सिद्धान्त विपरित छ । विसुद्ध आपराधिक घटनालाई राजनैतिक रंग दिई राजनैतिक दलहरुले गरेको सिफारिसका आधारमा मुद्दा फिर्ता दिने निर्णय गर्नु सरकारले दण्डहिनतालाई प्रश्रय दिनु हो । कुन घटना राजनैतिक हो वा होइन भन्ने कुरा राजनैतिक दलले निर्धारण गर्ने होईन । राजनैतिक सहमतीको आधारमा मुद्दा फिर्ता लिन मिल्छ मिल्दैन भन्ने प्रश्नको निरोपण हुनु अनिवार्य छ । अमुक राजनैतिक दलहरुको सहमतिको आधारमा जघन्य अपराधलाई राजनैतिक रंग दिई मुद्दा फिर्ता लिनका लागी जघन्य घटनालाई राजनैतिक रुपमा चित्रण गर्न मिल्दैन । कुन घटना आपराधिक हो, वा राजनैतिक प्रकृतिको घटनाबाट सृजित अवस्था हो भन्ने कुरा राजनैतिक सहमतिले निर्धारण नगरी वारदात हुँदाको अवस्थामा हुने व्यक्तिको उपस्थिती, उसको नियत र मनसाय तथा घटनाबाट सृजित

परिणाम समेतले निर्धारण गर्छ । मुद्दा फिर्ता लिने प्रस्ताबमा राजनैतिक कारण उल्लेख भएपनि यो विसुद्ध अपराधिक घटना हो । नेपाल सरकारले बनाएको मुद्दा फिर्ता लिने सम्बन्धी मापदण्डका आधारमा मुद्दा फिर्ता लिइएको भन्ने विपक्षी नेपाल सरकारको तर्क मनासिव छैन । मापदण्ड आफैमा संविधान तथा कानूनद्वारा प्रदत्त हक एवं फौजदारी न्यायको सिद्धान्त विपरित देखिन्छ । मापदण्डको मुल्यांकन गरेर मात्र उचित आदेश दिन सक्ने अवस्था हुन्छ । यस्तो अवस्थामा न्यायालयले सरकारले बनाएको मुद्दा फिर्ता सम्बन्धी मापदण्ड कानून संगत छ, वा छैन हेरी सरकारका नाममा आवश्यक निर्देशन दिने अवस्था हुन्छ । सरकारले मापदण्डका नाममा आफूखुसी रुपमा परिवारकै वंश विनाश हुने गरी कर्तव्य गरी व्यक्ति हत्या गरी मृत्यु भएका परिवारका सदस्यहरुलाई विक्षिप्त अवस्थामा पुऱ्याई उनीहरुको बाँच्न पाउने अधिकार समेतमा निराशा र कुण्ठा उत्पन्न हुने गरी पिडितलाई थप आहत हुने गरी मुद्दा फिर्ताको निर्णय लिन मिल्दैन । प्रस्तुत वारदातमा मृतकहरुलाई ताकीताकी गोली प्रहार गरी कर्तव्य गरी मारिएको छ । यस्तो जघन्य अपराध भएको प्रस्तुत आपराधिक प्रकृतिको मुद्दामा मुद्दा फिर्ता लिने निर्णय गर्न मिल्दैन । मुद्दा फिर्ता लिने अवस्थामा पिडीत पक्षको समेत सहमती आवश्यक पर्छ । पिडीत पक्षलाई समावेश नगरी वा निजबाट कुनै मन्जुरी वा स्वीकृती नलिई एकतर्फी रुपमा अदालतमा बिचाराधिन रहेको अवस्थाको मुद्दालाई प्रभाव पर्ने गरी मुद्दा फिर्ता लिने निर्णय गर्नु गैरकानूनीपूर्ण कार्य हो । अपराधीलाई राज्यले दण्डको दायरामा ल्याउनु पर्छ संरक्षण दिने होईन । तसर्थ प्रतिवादीहरु उपर कर्तव्य ज्यान तथा ज्यान्मार्ने उद्योगमा मुद्दा दायर भई बारा जिल्ला अदालतमा बिचाराधिन रहेको मुद्दा फिर्ता लिने गरी निर्णय गर्ने गरी भएको विपक्षी नेपाल सरकार मन्त्रीपरिषदको निर्णय संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक प्रतिकूल भएकोले त्यस्तो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री किरण पौडेलले के कस्ता प्रकृतिका मुद्दामा नेपाल सरकारले मुद्दा फिर्ताको निर्णय लिन सक्छ भन्ने कुरामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ले स्पष्ट व्यवस्था गरेको छ । सो

व्यवस्था विशेष कारणमा मात्र प्रयोग हुन सक्छ । प्रस्तुत वारदातको प्रकृति राजनैतिक प्रकृतिको देखिएको र राजनैतिक दलको सहमतीबाट मुद्दा फिर्ताको लागी सिफारिस समेत भएको अवस्थामा नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेको हो । नेपाल सरकारले मुद्दा फिर्ता लिने सम्बन्धी मापदण्डका आधारमा प्रस्तुत मुद्दा फिर्ताको निर्णय गरेको र उक्त मापदण्डमा प्रस्तुत मुद्दा फिर्ता लिनसक्ने अवस्था हुँदा सो निर्णय गरिएको हो । सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ (१) ले दिएको अधिकार प्रयोग गरी गरिएको निर्णय संविधान तथा कानून प्रतिकूल छैन । सरकारले मुद्दा फिर्ता गर्ने निर्णय गर्न सक्ने र सोको कार्यान्वयनको सिलसिलामा अदालतको मञ्जुरी आवश्यक हुने अवस्था हुँदा कार्यान्वयन गर्ने कार्य अदालतको अनुमतीमा निर्भर हुन्छ । मुद्दा फिर्ता लिने निर्णय हुदैमा रिट निवेदकको संवैधानिक तथा कानूनी अधिकार हनन हुन सक्ने होईन रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको वहस प्रस्तुत गर्नुभयो ।

विपक्षी गणेश साह, महेश साह कलवार समेतका तर्फबाट उपस्थित विद्वान अधिवक्ता मनमोहन तिमिल्सिना, अधिवक्ता किशोर अधिकारीले निवेदक अधिवक्ता त्रिलोचन गौतम विरुद्ध मन्त्रीपरिषद् सचिवालय समेत भएको मुद्दामा सर्वोच्च अदालतबाट सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्नु गैरसंवैधानिक होइन भनी निर्णय भइसकेको छ तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी तथा विद्वान सह-न्यायाधिवक्ताको वहस समेत सुनि दुबै पक्षबाट पेश भएका बहशनोट समेत अध्ययन गरी आज निर्णय सुनाउने तारेख तोकि पेश हुन आएको प्रस्तुत रिट निबेदनमा निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो, वा होईन निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ बिचार गर्दा, निवेदकले मूलतः विपक्षी नेपाल सरकार मन्त्रीपरिषदले मुद्दा फिर्ता गर्ने निर्णय गर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) बमोजिम उचित आधार र कारण देखाउन सकेको देखिदैन । विपक्षी महेशप्रसाद साह कानु समेतले विशुद्ध फौजदारी अपराध गरेकोमा विपक्षी नेपाल सरकारका प्रधानमन्त्रीले प्रधानमन्त्री पदबाट राजिनामा गरी आफू काम चलाउ भएको दिनमा नै उक्त निर्णय गरेको

देखिन्छ । काम चलाउ अवस्थाको बिपक्षी मन्त्रिपरिषद्लाई कार्यकारी अधिकार नभई सामान्य काम चलाउ सम्मको अधिकार भएको अवस्थामा मुद्दा फिर्ता जस्तो महत्वपूर्ण निर्णय गर्नुबाट विपक्षीहरुले सफा र शुद्ध नियतबाट प्रस्तुत मुद्दा फिर्ता गरेको नभई समाजमा हिंसा र अराजकतालाई बढावा दिने र शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने, निवेदकका दुईजना छोराहरुको क्रुरतापूर्वक हत्या भएको र निबेदकको पिडालाई बल्झाउने गरी बिपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मुद्दा फिर्ताको निर्णय भएको र बिपक्षी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रकृया अघि बढाई बिपक्षी बारा जिल्ला अदालत समेतबाट केही दिन भित्रै मुद्दा फिर्तालाई सहमति दिई थुनामा रहेका अपराधिक प्रवृत्तिका विपक्षीहरुलाई थुनामुक्त गरी समाजमा भय र त्रासको अवस्था श्रृजना गर्न लागेकाले यस्तो सम्बेदनशिल विषय समेत भएको सार्वजनिक सरोकारको विषय समेतमा निवेदन दिने हकदैया भएबाट निवेदन लिई आएको र नेपाल सरकार मन्त्रीपरिषद्बाट बारा जिल्ला अदालतमा बिचाराधिन रहेको सुकदेव राय यादवको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. २ बस्ने राजकिशोर प्रसाद यादव समेत २० जना प्रतिवादी भएको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दा फिर्ता लिने सम्बन्धमा भएको उक्त मिति २०६७।३।१६ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने समेतको रिट निवेदकको मुख्य निवेदन दावी देखिन्छ ।

विपक्षी नेपाल सरकारको लिखितजवाफ व्यहोरा हेर्दा, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) मा भएको मुद्दा फिर्ता लिनसक्ने व्यवस्था, सम्मानित सर्वोच्च अदालतबाट मुद्दा फिर्ता लिने सम्बन्धमा भएको न्यायिक व्याख्या एवं फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधी,२०५५ समेतले वादी नेपाल सरकार प्रतिवादी बारा जिल्ला गन्जभवानीपुर गा.वि.स.वडा नं. २ बस्ने राजकिशोरप्रसाद यादव समेत २० जना प्रतिवादीहरु भएको बारा जिल्ला अदालतमा विचाराधिन रहेको कर्तव्य ज्यान तथा ज्यानमार्ने उद्योग मुद्दा फिर्ता लिन रोक नलगाएको र राजनैतिक दलहरुको सिफारिस समेत रहेकोले मुद्दा फिर्ता लिने विषयको कानून तथा न्याय मन्त्रालयको नं. ४/७-०६७-२-२० को प्रस्ताव मन्त्रिपरिषद्मा पेश हुँदा मन्त्रीपरिषदको वै.स.१५/०६७ मिति

२०६७।३।१६ को बैठकबाट राजकिशोर प्रसाद यादव समेत २० जना प्रतिवादी भएको बारा जिल्ला अदालतमा विचाराधिन रहेको कर्तव्य ज्यान तथा ज्यानमार्ने उद्योग मुद्दा फिर्ता लिने निर्णय भएको हो । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ ले प्रचलित कानून बमोजिम नेपाल सरकार वादी भै हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको र नेपाल सरकार उपर परेको मुद्दा मामिला फिर्ता लिन सम्बन्धित अदालत समेतको मञ्जुरी आवश्यक पर्ने र अदालतले विद्यमान कानूनी व्यवस्था समेतको आधारमा मुद्दा फिर्ता मन्जुरी दिने वा नदिने सम्बन्धमा निर्णय गर्ने सन्दर्भमा नेपाल सरकार,मन्त्रिपरिषदको निर्णय बमोजिम मुद्दा फिर्ता लिन मन्जुरी दिने वा नदिने अदालतको निर्णयमा असर पर्ने गरी सम्मानित अदालतबाट माग बमोजिमको आदेश जारी हुन नसक्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको नेपाल सरकारका सचिवका तर्फबाट यस अदालत समक्ष पेश भएको लिखीत जवाफबाट देखिन्छ ।

निवेदकले प्रथमतः तत्कालिन प्रधानमन्त्रीले राजिनामा दिई निजले नेतृत्व गरेको सरकार काम चलाउ सरकारको रुपमा पुगीसकेको अवस्था हुँदा त्यस्तो अवस्थाको सरकारले संविधान र प्रचलित कानून बमोजिम चलाएको गम्भीर फौजदारी मुद्दा फिर्ता लिन नमिल्ने भनेको देखिन्छ । त्यसतर्फ विचार गर्दा, प्रधानमन्त्रीले राजिनामा दिएपछि संविधान बमोजिमको सरकार गठन नभएसम्म संविधान बमोजिम कार्यपालिकाले गर्ने काम गर्नुपर्ने नै देखिन्छ । कुन काम दूरगामि महत्वको र भविश्यको सरकारको समेत दायित्व बढाउने खालको हो वा होइन भन्ने राजनैतिक र नैतिक प्रश्न हुन्छ, जुन काम विशुद्ध कानून रुपमा मूल्यांकन गर्न गाऱ्हो हुन्छ । मुद्दा चलाउने वा नचलाउने, वा चलाएको मुद्दा फिर्ता लिने वा नलिने भन्ने कुरा प्रचलित संविधान एवं फौज्दारी कानून बमोजिम नियमित रुपमा गरिने कार्य भएकोले त्यसलाई सरकार गठन वा विघटनको खास घटनासँग जोडेर हेरिरहन पर्ने देखिन्न । बरु सरकारमा रहने पदाधिकारीहरुले सत्ता त्यागको संघारमा पुगेको रहेछ र त्यस्तो संवेदनशिल समयमा आफूले मुद्दा फिर्ता लिने सम्नन्धी कुनै निर्णय गर्दा सत्तामा रहने सिमित समयको अवसरको दुरुपयोग गरेको स्थिति देखिन्छ कि भनी संवेदनशिल भई विवेकसँगत निर्णय लिन उद्यत रहनु अपेक्षीत हुन्छ भन्ने हेक्का राख्नु जरुरी हुन्छ । यस्तो

विषय सरकार संचालन गर्ने व्यक्तिहरुले नै जिम्मेवारी वोधको साथ कार्य गर्ने कुरा भएकोले कुनै सरकार विघटनको संघारमा पुगेको वा काम चलाउ सरकारको हैसियतमा पुगेको भन्ने सम्म कारणले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) को प्रयोग गर्नमा पुरै प्रतिबन्धात्मक स्थितिमा पुऱ्याएको मानिनु पर्छ भन्ने निष्कर्षमा पुग्न उचित भएन । कुनै सरकारको पदाधिकारीले उपरोक्त दफा २९ को प्रयोगमा संविधान वा कानून बमोजिम गर्न नहुने कुनै अख्तियारको दुरुपयोग गरेको देखिन आएमा त्यसतर्फ छुट्टै प्रक्रिया चलाउन सकिने नै हुँदा समेत उपरोक्त दफा २९ को प्रयोग गर्ने अख्तियारी नै पुरै सिमित गर्न मिल्ने देखिएन ।

प्रस्तुत मुद्दामा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २९ बमोजिम कुनै व्यक्ति विरुद्ध चलाइएका फौजदारी मुद्दा फिर्ता लिने अधिकार नेपाल सरकारमा रहेको र मुद्दा फिर्ता लिने प्रक्रियामा मुद्दा दायर रहेको अदालतको सहमतीले मात्रै कार्यान्वित हुने हुनाले मुद्दा फिर्ता लिने निर्णयको कार्यान्वयनको प्रक्रियामा रोक लगाउन नमिल्ने भन्ने विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको लिखित जवाफको मुख्य जिकीर रहेको छ ।

वस्तुतः मुद्दा फिर्ता लिने निर्णय गर्ने अधिकार, सो निर्णय लिँदा अपनाउनु पर्ने प्रक्रिया र यसमा विचार गर्नुपर्ने कुराहरुको सम्बन्धमा नै विशेष विचार गर्नुपर्ने देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा नै कानूनी राज्यको स्थापनालाई नै राज्यको मुख्य उद्देश्य घोषित गरिएको छ भने सो को कार्यान्वयनको लागी नै अन्तरिम संविधानको सम्पूर्ण व्यवस्थाहरु गरिएको देखिन आउँछ । देशमा कानून र व्यवस्था कायम गरी सर्वसाधरणको जीउधनको रक्षा गरी तिनीहरुलाई प्रदत्त संवैधानिक एवं कानूनी हकहरुको संरक्षण गरी सोको उपभोग गर्न सक्ने अवस्थाहरु सृजना गर्नु नै राज्यको कर्तव्य हुन आउँछ । राज्यको मुख्य उद्देश्यनै न्याय हो र न्याय नै राज्यको आधार पनि हो । न्यायलाई राज्यको आधार वा उद्देश्य नमान्ने हो भने राज्यको अस्तित्वको अर्थ पनि रहदैन र त्यस्तो राज्य स्वयंको निरन्तरता पनि सम्भव छैन ।

अन्तरिम संविधानले उक्त कुरालाई हृदयंगम गरी राज्यको विभिन्न अंगहरु खडा गरी तिनीहरुको काम कर्तव्य र अधिकारको व्यवस्था गरी संवैधानिक पद्धतिको कार्यान्वयनको व्यवस्था गरेको छ । अन्तरिम संविधानले जीवनको हक,समानता, स्वतन्त्रता, सम्पत्ति, न्याय लगायतका संवैधानिक उपचारहरुको हक समेतका विभिन्न मौलिक हकको व्यवस्था गरेको छ भने सो को प्रभावकारी कार्यान्वयन एवं संरक्षणको लागी महान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायापालिका जस्ता संस्थाहरुको पनि व्यवस्था गरेको छ । सबै संस्थाहरुले संविधान र कानून बमोजिम विवेकसम्मत ढंगले काम गरेमा संविधानले लक्ष्य गरेको कानूनी राज्यको कार्यान्वयन भई जनताले सुख, शान्ति र न्यायको अनुभूति प्राप्त गर्न सक्ने अपेक्षा गरिन्छ ।

उपरोक्त हरेक अंग वा संस्थाहरुले आ-आफ्नो कार्यक्षेत्रको सहि भूमिका निर्वहन बाट नै कानूनी राज्यको समष्टि उद्देश्य हासिल हुन सक्छ भन्ने कुरामा दुईमत हुन सक्दैन भने कुनै अंगले कुनै त्रुटि गरेमा सो को खरावीबाट बचाउन संविधानमा व्यवस्थित नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुरुप न्यायपालिकाले आफूमा निहित उत्तरदायित्वको निर्वहन गर्नु पर्ने हुन्छ ।

कानूनी राज्यको यो संरचना भित्र रहेर देशमा हुने आपराधिक घटनाहरुबाट बचाई सर्वसाधारणलाई सुरक्षा र न्यायको वातावरण दिनुपर्ने हुन्छ । समाजमा घटित हुने विभिन्न अपराधिक घटनाहरुसँग निपटन र न्यायको अन्तिम बिन्दु सम्म पुऱ्याउने कार्य मूलतः कार्यपालिकाको जवाफदेहिताको विषय हो । कार्यपालिकालाई विधायिकाले अनेकौं कानूनहरु मार्फत कसूरको परिभाषा गरी तिनको अनुसन्धान गर्न, अभियोजन गर्न र निर्णय कार्यान्वयन गर्न जिम्मेवारी सुम्पेको पाइन्छ । देशको फौजदारी कानूनले प्रदान गरेको जिम्मेवारी अनुसार अपराध हुन नदिन आवश्यक उपायहरु अवलम्वन गर्नुको अरिरिक्त भएका अपराधहरुको सहि र प्रभावकारी अनुसन्धान र अभियोजन गरी न्यायिक प्रक्रियामा लैजान पर्ने हुन्छ । यो कार्यको विषयगत विशेषता र आवश्यकतालाई विचार गरेर संविधानले संस्थागत कार्य विभाजन गरिदिएको समेत देखिन्छ । त्यस्तै सामान्यतया फौजदारी मुद्दाको अनुसन्धान सरकारको प्रहरी संगठनको जवाफदेहीमा छाडेको देखिन्छ भने सार्वजनिक ओहदाको व्यक्तिले

गरेको अख्तियारको दुरुपयोग सम्वन्धी प्रश्नको अनुसन्धान एवं अभियोजनको जवाफदेही अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संस्थाको जिम्मेवारीमा छोडेको देखिन्छ । त्यस्तो आयोगलाई सुम्पेको जिम्मेवारी बाहेक अन्य कुरामा सरकारले चलाउने मुद्दाको अभियोजन सम्वन्धी अन्तिम निर्णयकर्ताको रुपमा महान्यायाधिवक्ताको संस्थाको छुट्टै व्यवस्था गरेको देखिन्छ । यसबाट संविधानमा नै अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धमा छुट्टै र विशिष्ट संरचना सोचिएको देखिन्छ भने न्याय निरुपणको कार्यलाई अन्तिम रुपमा न्यायपालिकाको जिम्मेवारी तोकिएको पाइन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ता र न्यायपालिका सबै संवैधानिक अंगहरु भएकोले यि अंगहरुको काम कारवाहीहरु संविधान र सो बमोजिम बनेका कानूनमा व्यवस्थित व्यवस्थाहरु र तिनमा अन्तरनिहित भावनाहरुबाट अनुप्राणित हुनुपर्ने कुरामा विवाद हुन सक्दैन । यस्तो संवैधानिक जिम्मेवारी अन्तर्गत गरिएका कार्यहरुलाई सहजै निरर्थक बनाउन कुनै पनि वहानामा मिल्दैन । अर्को शब्दमा अपराधको सूचना प्राप्त भएपछि अनुसन्धान नगर्न, अभियोजन गरेको मुद्दालाई न्यायको बिन्दुमा पुग्न नदिन, न्याय गरिएको कुरामा कार्यान्वयन हुनबाट रोक्न मिल्दैन । हरेक अंग संवैधानिक पद्धतीको कार्यान्वयनको लागी महत्वपूर्ण छन् भने तिनलाई कानून र विवेकसंगत ढंगले गरेको कार्यमा अनुचित हस्तक्षेपबाट बचाउनु पनि संवैधानिक पद्धती कार्यान्वयन गर्ने दृष्टीले महत्वपूर्ण छ ।

प्रस्तुत मुद्दाको सन्दर्भमा बिचार गर्दा मुद्दा चलाउने सम्बन्धमा वर्तमान अन्तरिम संविधान, २०६३ को धारा १३५ ले प्रचलित नेपाल कानून बमोजिम कसूरहरुको सम्बन्धमा अभियोजन लगाउने अन्तिम अधिकार महान्यायाधिवक्तालाई सुम्पेको देखिन्छ भने निजबाट प्रत्यायोजित अधिकार अन्तर्गत स्थानिय जिल्ला न्यायाधिवक्ताले प्रतिवादीहरु महेश प्रसाद साह कानु, राजकिशोर प्रसाद यादव समेत २० जना उपर प्रस्तुत मुद्दा दायर भएको देखिन्छ । यसरी चलाइएको मुद्दा र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ बमोजिम मुद्दा फिर्ता लिने प्रक्रियाको सम्बन्धमा केही बिचार गर्नु प्रासंगिक हुनेछ ।

फौजदारी मुद्दाको अभियोजन गर्ने अधिकार सामान्यतया महान्यायाधिवक्ताको संवैधानिक अधिकार भएको देखिन्छ । तर त्यसरी चलाइएको मुद्दा फिर्ता लिने अधिकार भने

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ बमोजिम नेपाल सरकारको देखिन आउँछ । महान्यायाधिवक्ताको अभियोजन सम्बन्धी अधिकार र नेपाल सरकारको मुद्दा फिर्ता लिने सम्बन्धी अधिकारका बिचको सम्बन्ध बिचारणीय छ । संविधानले प्रदान गरेको अभियोजन सम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको देखिन्छ । महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सिधै प्रदान गर्नुको विशेष अर्थ छ । महान्यायाधिवक्ताको संस्था एउटा व्यावसायिक र न्यायिक संस्थाको रुपमा मानिन्छ र कुनै खास राजनैतिक उद्देश्यले कसैउपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजावस वा राजनैतिक स्वार्थको कारणले लगाउन पर्ने अभियोग नलगाउने अवस्था आउन नदिन र फौज्दारी अभियोग जस्तो गंभीर अभियोग विशिष्ट कानूनी एवं न्यायिक आवश्यकता अनुरुप सहि र निष्पक्ष रुपमा हुन सकोस भनेर नै उक्त संस्था खडा गरी अभियोजन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पेको हो ।

यसरी एकातिर संविधान बमोजिम महान्यायाधिवक्ताको अधिकार अन्तर्गत मुद्दा अभियोजन लगाउने अर्कोतिर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत मुद्दा फिर्ता लिने प्रक्रिया बिच के कति सामन्जस्यता छ भनी नहेर्ने हो भने र अरु दुई भूमिका बिचको सार्थकता खोजी नगर्ने हो भने मुद्दा चलाउने र फिर्ता लिने कुरा संविधान र कानूनको विशिष्ट आवश्यकता अनुसारको प्रत्याभूति हुनुको सट्टा केटाकेटीको खेलौना जस्तो हुन गई कानूनी राज्यको अभिष्ट सहजै परास्त हुन सक्ने जोखिम सृजना हुन जान्छ ।

संविधान प्रदत्त अधिकार अन्तर्गत महान्यायाधिवक्ता वा निजको प्रत्यायोजित अधिकार अन्तर्गत गरिएको अभियोजन उद्देश्यमूलक हुनुपर्छ र न्यायको गन्तव्यसम्म पुग्न सार्थक प्रयास गरिरहनु पर्नेमा द्विविधा हुनुपर्ने होइन तर यस्तो गहन संवैधानिक जिम्मेवारी अन्तर्गत चलाइएको मुद्दामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अन्तर्गत मुद्दा फिर्ता लिने निर्णय गर्दा महान्यायाधिवक्ताको स्थान र राज्यको के स्थान रहन्छ भन्ने कुरा मुद्दा फिर्ता लिने निर्णय प्रक्रियाको मिसिलहरुमा खुल्ने गरेको देखिदैन । प्रस्तुत मुद्दाको सिलसिलामा प्राप्त निर्णय फायल हेर्दा मुद्दा फिर्ता लिने सम्बन्धमा अभियोजनकर्ता वा महान्यायाधिवक्ताको रायलाई आधार बनाएको देखिदैन । यसबाट प्रकारान्तरमा फौजदारी मुद्दामा अभियोजन लगाउने वा नलगाउने अन्तिम अधिकार वर्तमान अन्तरिम संविधानले

महान्यायाधिवक्तालाई सुम्पेको भएपनि सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेमा सो अभियोजनले सार्थकता गुमाउने र कार्यपालिकाको निर्णयले प्रधानता प्राप्त गर्न सक्ने स्थिति आउने देखिन्छ । संविधानले प्रदान गरेको अभियोजन सम्वन्धी विशिष्ट अधिकार नै पराजित हुने गरी सामान्य कानूनद्वारा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को व्यवस्था कार्यान्वयन हुन दिन कहाँसम्म वाञ्छनिय हुन्छ भन्ने कुरा विशेषरुपले विचारणीय छ । यथार्थमा महान्यायाधिवक्ता कार्यपालिकाको प्रमुख कानूनी सल्लाहकारको रुपमा रहने भएपनि संविधानले स्थापना गरेको विशिष्ट अंग भएको नाताले र निजलाई संविधानले नै स्पष्ट परिकल्पना सहित खास कार्यको भूमिका दिएकोले सो भूमिकाको निर्वहन र संरक्षणमा लागीरहनुपर्ने कुरा स्पष्ट छ ।

जहाँसम्म सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अन्तर्गत मुद्दा फिर्ता लिने सम्बन्धी व्यवस्थामा महान्यायाधिवक्ताको भूमिकाको प्रश्न छ । प्रस्तुत मुद्दामा उपरोक्त दफा २९ को संवैधानिकताको प्रश्न उपस्थित नरहेकोले त्यसतर्फ विचार गर्नुपर्ने भएन । उक्त दफा २९ मा मुद्दा फिर्ता लिने सम्बन्धी नेपाल सरकारले निर्णय लिँदा महान्यायाधिवक्ता वा मुद्दामा अभियोजन गर्ने अभियोजनकर्तासँग परामर्श लिने सम्बन्धमा कुनै आवश्यकता तोकेको देखिदैन । नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेमा सरकारी वकिलले मुद्दा विचाराधिन रहेको अदालतमा मुद्दा फिर्ता लिन माग गर्ने व्यवस्थ गरेकोबाट पनि नेपाल सरकारको कार्यान्वयन गर्ने निकायको रुपमा राखेको देखिन्छ । उक्त व्यवस्थाको अक्षरस: व्याख्या गर्ने हो भने मुद्दा चलाउने कुराको विरुद्ध मुद्दा फिर्ता लिने अधिकारको प्रतिस्पर्धा हुने र मुद्दा फिर्ता लिने निर्णय गर्ने समक्ष मुद्दा चलाउने अधिकारीले समर्पण गर्नुपर्ने स्थिति रहने देखिन्छ जुन संविधानको मर्म होईन ।

अभियोजन र अभियोक्ताको सम्बन्धमा संविधानमा नै व्यवस्था हुनु आफैमा महत्वपूर्ण व्यवस्था हो । अभियोजन सम्बन्धी स्वतज्त्रता र व्यवसायिकताको महत्वलाई बिर्सने हो भने जनताको हक अधिकारको सही संरक्षण हुन सक्दैन । पीडित हुन सक्ने समाजका सम्भाव्य समुदायहरुको हक र हित संरक्षण गर्ने निकायको रुपमा रहेको महान्यायाधिवक्ताको भूमिका प्रभावकारी नभए अरु त अरु अभियुक्तहरुको पनि सहि संरक्षण हुन सक्दैन ।

महान्यायाधिवक्ताको समक्ष अभियुक्तको हक र हित अनावश्यक रुपले प्रभावित नहोस् भन्ने सरोकार पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

हालको अवस्थामा अभियोक्ताले मुद्दाको तथ्य र कानूनको आवश्यकता भनेर चलाएको मुद्दाको एउटा परिस्थिती हुन्छ अर्कोतिर सरकारले मुद्दा फिर्ता लिने निर्णय लिई सो को कार्यान्वयन गर्न अदालत समक्ष उपस्थित हुनु परेको अर्को परिस्थिति हुन्छ । आफुले चलाएको मुद्दा किन निराधार भयो वा किन निरन्तर गर्न नमिल्ने भयो भन्ने कुरा स्पष्ट नभैकन नै मुद्दा फिर्ता गर्ने निर्णय कार्यान्वयनको लागी उपस्थित हुनु परेको पाइन्छ । यस्तो परिस्थिति संविधानले परिकल्पना गरेको देखिदैन ।

यस सिलसिलामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को सहि प्रयोगको पद्धती बिकास गर्नु नै मुख्य विचारणीय विषय देखिन्छ । उक्त दफा २९ को व्यवस्था अत्यन्त सामान्य शब्दहरुमा व्यवस्थित देखिन्छ । मुद्दा फिर्ता लिने निर्णय गर्ने अधिकारकै औचित्यमा प्रवेश गर्नुपर्ने प्रश्न प्रस्तुत मुद्दामा नरहेको र शासन व्यवस्था सञ्चालन गर्दा राज्यमा अनेकौं अचिन्तित परिस्थिति सृजना हुन सक्ने भई त्यस्तो बिषम परिस्थिति सृजना भएको भए सार्वजनिक हितमा कतिपय मुद्दा फिर्ता लिनपर्ने अवस्था आउन सक्छ तर त्यस्तो विशिष्ट अवस्था आए स्थितिको सहि समिक्षा प्रस्तुत गरी याचना गर्नुपर्ने हुन्छ । सो प्रयोजनको लागी मुद्दा फिर्ता लिने कुराको व्यवस्थाको सान्दर्भिकता हुन पनि सक्छ तर सो सिलसिलामा विचारणीय कतिपय कुरामा जस्तो की समान स्थितिका मुद्दाहरु वा एकै मुद्दामा पनि समान अवस्थाका प्रतिवादीहरु बिच समान व्यवहारको अपेक्षा, अभियोजनकर्ताको अधिकारको मर्यादा र राय, पीडितको हक र क्षतिपूर्ति, जस्को हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालत समक्ष समर्पण गरेको स्थिति, अदालतले मुद्दा फिर्ता लिने मागको सम्बन्धमा विचार गर्दा पीडित वा जाहेरवालाले सरोकार व्यक्त गर्ने मौका आदि महत्वपूर्ण हुने देखिन्छ ।

उक्त दफा २९ को विवेकसंगत प्रयोग गर्नको लागी संविधानले व्यवस्था गरेका विभिन्न प्रावधानहरुको अनदेखा गर्न मिल्ने देखिदैन । जस्तो कि अभियोक्ताको संवैधानिक अधिकारलाई नै संकूचन वा परास्त हुने गरी फिर्ता लिने निर्णयलाई प्रधानता दिन नमिल्ने हुनाले मुद्दा फिर्ता लिने निर्णय प्रक्रियामा महान्यायाधिवक्ताको रायलाई समुचित स्थान

दिनुपर्ने हुन्छ त्यो नै संवैधानिक हुने देखिन्छ । प्रस्तुत अवस्थामा उपरोक्त दफा २९ को औचित्यमा प्रवेश गर्नु भन्दा उक्त दफाको विधि र विवेकसंगत प्रयोग भएको छ वा छैन भन्ने कुरामा ध्यान दिन जरुरी देखिन्छ ।

गंभीर मुद्दामा सरकार नै वादी भएर पीडित एवं समाजको हित संरक्षण गर्ने प्रयोजनको लागी मुद्दा चलाउने व्यवस्था संविधान र कानूनले गरेको पाइन्छ । मुद्दा चलाउने र फिर्ता लिने दुबै कुरालाई हलुका रुपमा लिन मिल्दैन । समाज र व्यक्ति प्रभावित हुने मुद्दामा सुविधा र सामर्थ्यलाई विचार गरी अभियोजनको जिम्मा राज्यलाई दिनुको अर्थ प्रभावित वा पीडितलाई न्यायमा पहुचबाट विमूख तुल्याउनु किमार्थ हुन सक्दैन । पीडितको जाहेरीमा मुद्दा चलाउने, पीडित आफैले मुद्दा चलाउन पनि नमिल्ने र पीडितको तर्फबाट चलाइएको मुद्दामा न्यायको अन्तिम बिन्दुसम्म न्यायको खोजी नगरीकन मुद्दा नै बिचबिचमा राजनैतिक वा अन्य सौदा गरी दावि नै परित्याग गर्ने हो वा गर्न दिने हो भने पीडित र राज्य विचको सम्बन्ध मैत्रिपूर्ण र न्यायपूर्ण हुन सक्दैन । साथै राज्यले मुद्दा फिर्ता लिने कुरामा न्यायसंगत र विवेकसंगत आधार बनाउन सकेन भने राज्यले चलाएको मुद्दाको औचित्य प्रमाणित हुन सक्दैन र औचित्यहिन मुद्दा चलाए वापत प्रतिवादीले भोगेको असुविधा र अन्यायको पनि भरपाई गर्नुपर्ने हुन्छ । त्यसैले न्यायको प्रत्याभूति लिएको राज्यले मुद्दा फिर्ताको प्रक्रियालाई सत्ता सञ्चालनको सहज खेलको रुपमा वा अन्यथा अन्य रुपमा प्रयोग गर्न हुदैन । राज्यले अपराध सम्बन्धी अनुसन्धान एवं अभियोजनमा खासगरी पीडितकै हितको प्रतिनिधित्व गर्ने र अभियुक्तलाई पनि स्वच्छ न्यायको अधिकारको प्रत्याभूति दिने हुनाले अभियोजन गर्ने संस्थाको अतिरिक्त स्वतन्त्र न्यायपालिका र स्वतन्त्र कानून व्यवसाय समेतको व्यवस्था गरेको हो । मुद्दामा अभियोजन गरेपछि न्यायिक प्रक्रियाबाट सफाइ लिन पाउने अभियुक्तको पनि अधिकार हो । यस्तो वैध उपायको उपेक्षा गरेर मुद्दाको प्रक्रियालाई पन्छाउने र उन्मुक्ति खोज्ने प्रक्रियामा जाँदा न्यायमा समानताको मार्गमा अवरोध हुन सक्ने हुँदा मुद्दा फिर्ता लिने प्रक्रियामा निकै सर्तकता अपनाउनुपर्ने हुन्छ ।

प्रस्तुत मुद्दामा मुद्दा फिर्ता लिने सरकारको निर्णयमा अनेकौ प्रश्नहरु खडा भएको देखिन्छ । विपक्षी मध्येका गृह मन्त्रालयले दिएको लिखित जवाफमा सरकारी मुद्दा सम्बन्धी ऐन,

२०४९ को दफा २९ बमोजिम जुनसुकै फौजदारी मुद्दा पनि फिर्ता लिन सक्ने जिकिर लिएको छ । राजनैतिक सहमतीको आधारमा मुद्दा फिर्ता लिएको, अदालतको अनुमतिले मात्रै मुद्दा फिर्ताको निर्णय कार्यान्वयन हुन सक्ने हुँदा फिर्ता लिने निर्णय त्रुटिपूर्ण भन्न नमिल्ने आदी जिकिर गृहमन्त्रालयबाट समेत लिएको देखिन्छ ।

यथार्थमा उपरोक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को व्यवस्था जुनसुकै प्रकृतिको मुद्दा जहाँसुकै भएपनि फिर्ता लिन मिल्ने गरी व्यवस्था भएको भन्ने जिकिर निकै गम्भीर छ । ऐनले मुद्दा फिर्ता लिन मिल्ने कुराहरुको छुट्टै वर्गिकरण गरेको छैन त्यस अर्थमा लिखित जवाफमा जिकिर लिएको भए एउटा कुरा हो तर त्यसबाट मुद्दा फिर्ता लिने कुरालाई विपक्षीले कस्तो भयंकर र अनुत्तरदायी सोच लिएर बसेको होला भनी अनुमान गर्ने ठाउँ दिन्छ । राज्य विरुद्ध, सार्वजनिक हक वा हित विरुद्ध, मानवताकै विरुद्ध आम नरसंहार, जाती हत्या जस्तो विषय, महिला, बालबालिका विरुद्धको हिंसा, युद्ध अपराध, संगठीत अपराध आदी जे विषयमा पनि मुद्दा फिर्ता लिन हुन्छ भन्ने हलुका दृष्टीकोण लिई त्यसैलाई कार्यान्वयन गर्ने हो भने दण्डहिनता र अराजकता मौलाएको कस्तो राज्य प्रणाली सञ्चालन हुन्छ होला भनी अनुमान पनि गर्न गाह्रो हुने छ । विवेकसिल सरकार शक्ति र अधिकारको मातमा जस्तोसुकै तर्क गर्न कम्मर कस्छ भन्ने लाग्दैन । स्मरणीय के छ भने विपक्षी मन्त्रीपरिषदले स्वयं पनि उपरोक्त दफा २९ को प्रयोजनको लागी यस अदालतको पूर्व निर्देशनको परिप्रेक्षमा समेत फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनुपर्ने मापदण्ड र कार्यविधि २०५५ बनाई लागू गरेको छ र सो समेतको आधारमा प्रस्तुत मुद्दा फिर्ता लिने निर्णय गरेको भनेको छ । सो मापदण्डले जुनसुकै मुद्दा फिर्ता लिन हुन्छ भन्न सकेको छैन । त्यसमा फिर्ता लिन नमिल्ने मुद्दाहरुको नकारात्मक सूचीपनि समावेश भएको पाइन्छ । साथै सरकारले विभिन्न अवसरमा र प्रस्तुत मुद्दाको सन्दर्भमा पनि त्यस्तो नकारात्मक सूचिको मुद्दा फिर्ता लिनुपर्दा मापदण्ड नै निलम्बन गरेको समेत पाइन्छ । आफूले बनाएको मापदण्ड समेत कार्यान्वयन नगर्ने त्यस्तो प्रवृतिको आलोचना हुने कुरा आफ्नो ठाउँमा छ तर जस्तो सुकै मुद्दा पनि फिर्ता लिन वाधा छैन भन्नु आपत्तिजनक कुरा हुन्छ ।

हुन त सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेपनि सम्बन्धित अदालतले फिर्ता लिने मागलाई अनुमति नदिएसम्म कार्यान्वयन नहुने भन्ने जिकिरले संकटको गम्भीरता रहन्न भन्न खोजेको देखिन्छ तर आफूले न्यायको लागी भनी चलाएको मुद्दामा यो वा त्यो कारण देखाई प्रचलित कानून र न्यायको प्रत्याभूतिहरुको उल्लंघन गरी अन्य आफैले तय गरेको मापदण्ड समेतको उपेक्षा गरी जुनसुकै गम्भीर मुद्दा पनि फिर्ता लिन माग्दछ भने त्यस्तो निर्णय गर्ने सरकारको वैधता नै प्रश्नांकित हुन जान्छ । मुद्दा फिर्ता लिने प्रक्रियालाई यसरी हलुको ढंगले परिचालन गरी पिडित र समाजलाई सनसनिपूर्ण स्थितिमा पुऱ्याउने र न्यायमा विचलनको खतरा बढाउने सन्त्रास पैदा गर्नु स्वयं पनि वाञ्छनिय हुदैन । त्यसैले विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लगायतका विपक्षीहरुले कम्तिमा आफुले बनाएको मागदण्ड विपरित र राज्य विरुद्धका अपराध, युद्ध अपराध, मानव अधिकार र क्रुर र अमानविय प्रकृतिका मानवता विरुद्धको अपराध, संगठीत अपराध, महिला एवं बालबालिका विरुद्धको अपराध, जाति हत्या, सार्वजनिक हक विरुद्धको अपराध जस्ता अपराधमा पनि जुनसुकै सौदा गरी मुद्दा फिर्ता लिने निर्णय गर्ने सोच राख्न मिल्ने देखिदैन ।

विपक्षीहरुको लिखित जवाफबाट राजनैतिक दलहरुको सिफारिस समेतको आधारमा समेत मुद्दा फिर्ता लिने निर्णय गरेको भनी जिकिर लिई त्यसको औचित्य प्रमाणित गर्न खोजेको देखिन्छ । वस्तुतः यो एउटा गम्भीर स्थिति हो । मुद्दा चलाउँदा प्रचलित कानून बमोजिम चलाउने, अनि फिर्ता भने राजनैतिक सहमतिको आधारमा गर्ने हो र न्याय र कानूनको तत्वको आवश्यकता नदेखाउने हो भने फौजदारी न्यायप्रणाली चरम राजनीतिककरणको सिकार हुनसक्ने अवस्था रहन्छ । फौजदारी मुद्दा चलाउनु वा फिर्ता लिनु दुबै कानूनी एवं न्यायीक विषय हुन । राजनैतिक सहमतीको आधारमा मुद्दा चलाउने वा नचलाउने तथा चलाएको मुद्दा फिर्ता गर्ने हो भने कानूनी राज्यको उपहास हुन्छ र त्यस्तो गैरकानूनी राज्यबाट प्रतिस्थापन हुन जान्छ । कानून आफै राजनीतिक प्रक्रियाको उपज भएपनि कानून कार्यान्वयनको चरण भने राजनैतिक हुन सक्दैन । खासगरी अपराध अनुसन्धान र अभियोजनलाई राजनीतिकरणबाट संक्रमित हुनबाट नबचाउने हो भने फौजदारी मुद्दाको राजनीतिकरण मात्रै हुने नभई राजनीति पनि अपराधिकरणको दोषबाट

मुक्त हुन नसक्ने अवस्था आउँछ । यो निष्पक्ष र स्वतन्त्र न्यायको लागी विषवृक्षकै रुपमा हुर्किन सक्छ । त्यसैले संविधान र कानूनले परिकल्पना नै नगरेको राजनीतिक सहमतिलाई स्थान दिई एउटा विधिसम्मत अभियोजनलाई परास्त गरेको भन्ने जिकिर लिनु र त्यस्तो आधारमा मुद्दा फिर्ता लिनु वा दिनु कानून, न्याय र विवेकसंगत हुन सक्दैन ।

मुद्दा फिर्ता लिने निर्णय गर्दा लिने गरेको एउटा आधार राजनैतिक उद्देश्यले अभियोग लगाएको भन्ने हुने गरेको छ । वस्तुतः कस्तो मुद्दा राजनीतिक हो ? राजनैतिक उद्देश्यले चलाएको भन्ने निर्धारण गर्ने आधार के हो ? राजनैतिक उद्देश्यले मुद्दा चलाएको भए त्यसको खराबी कसरी हटाउने हो भन्ने कुराको विविध पक्षहरु हुन सक्छन । फौजदारी न्यायले सम्वोधन गर्ने विषय विशेषतः अपराध नै हो । अपराध जस्ले गरेपनि अपराध नै हुन्छ र प्रचलित फौजदारी कानूनको अधिनस्थ हुनुपर्ने हुन्छ । राजनैतिक व्यक्तिले गरेमा अपराध राजनीतिक हुने होइन राजनैतिक उद्देश्यले अपराध गरेको भन्न पनि मिल्ने हुदैन । अपराधका तत्वहरु विद्यमान छन् भने जुनसुकै उद्देश्य भए पनि अपराध नै हुन्छ ।

कतिपय अवस्थामा कसूरको परिभाषा नै राजनैतिक दृष्टीले गरिएको हुन सक्छ । त्यस अवस्थामा समस्या कानूनको कार्यान्वयनमा हुने नभई कानूनमा नै हुने गर्दछ । त्यसको लागी कानूननै बदल्ने बिकल्प रहन्छ । कानून बहाल रहने तर कानूनको कार्यान्वयन भने राजनैतिक व्यक्ति संलग्न भए एकढंगले र अरुमा फरक ढंगले गर्न मिल्दैन । त्यो समानता, न्याय र विवेकको मापदण्डबाट समेत मिल्दैन । वस्तुतः राजनैतिक मुद्दा, राजनैतिक सहमति वा राजनीतिक कार्यकर्ता संलग्न भएको भन्ने आधारमा कसूरको दायित्वबाट मुक्ति दिने अमेघ अस्त्रको रुपमा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग गर्न दिन कुनै हालतमा मिल्दैन । उक्त दफामा राजनैतिक आधारमा वा राजनैतिक सहमतिको आधारमा मुद्दा फिर्ता लिन मिल्ने गरी कुनै व्यवस्था नै भएको पाइदैन ।

त्यसमा पनि फौजदारी मुद्दा फिर्ता लिने निर्णय गर्दा राजनीतिको आधारमा मुद्दा चलाइएको भनी मुद्दा फिर्ता निर्णय गरेपनि कुन राजनीतिक आधार हो, त्यसको वस्तुगत मूल्यांकन नै गर्ने गरेको पाइदैन । राजनैतिक उद्देश्यले कसैउपर मुद्दा चलाउन हुदैन । तर त्यसरी मुद्दा चलाएको छ भन्ने देखिने आधार मिसिलमा पनि देखिनु पर्छ । सरकारको

निर्णयमा राजनैतिक उद्देश्यले मुद्दा चलाएको भन्ने उल्लेख हुदैमा सोही उद्देश्यले चलाएको रहेछ भने मान्न अदालत बाध्य हुन सक्दैन । अदालतले पनि सो आधारको समिक्षा गरी आफ्नो निर्णयमा प्रस्तुत गर्नु पर्ने हुन्छ । खास गरेर मुद्दा चलाउने निकाय महान्यायाधिवक्ताको कार्यालयले नै सो कुराको स्पष्ट गर्नु जरुरी हुन आउछ । राजनैतिक दलको सिफारिसमा राजनैतिक पूर्वाग्रहको आधारमा मुद्दा चलाएको भनी निर्णय गरी मुद्दा फिर्ता लिने निर्णय गर्दा एक किसिमले महान्यायाधिवक्ताको मुद्दा चलाउने निर्णय उपरको गैरकानूनी पुनरावेदकिय अधिकारको सृजना भएको जस्तो स्थिति देखिन्छ जुन अस्वस्थकर देखिन्छ । वास्तबमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ बमोजिम मुद्दा फिर्ता लिँदा संविधान, कानून र न्यायलाई मापदण्ड बनाउनुपर्ने हुन्छ र त्यसरी फिर्ता लिने निर्णय भएमा मात्रै अदालतले बिचार गर्न सक्ने हुन्छ । त्यसो गर्दा कानूनी राज्यको अवधारणा र न्याय सम्बन्धी मौलिक हकका आधारभूत तत्व एवं पिडितहरुको न्यायसँग सम्बन्धित संयुक्त राष्ट्रसंघिय घोषणापत्र (Declaration of Basic Principles of Justice for Victim of crime and abuse of power 1985) पनि बिचार गर्नुपर्ने हुन्छ ।

वस्तुतः सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा २९ (१) लाई असिमित अधिकारयूक्त व्यवस्था नभई संविधान, कानून र न्यायको मान्य सिद्धान्तको अधिनमा राखेर हेर्नुपर्ने हुन्छ । यसरी हेरिएमा चालु मुद्दा फिर्ता लिने निर्णयलाई अपबादको रुपमा ग्रहण गर्नु पर्ने हुन्छ र मुद्दा फिर्ता लिने निर्णय गर्दा खास खास आधारहरु समेत उल्लेख गर्नुपर्ने हुन्छ ।

प्रस्तुत मुद्दामा विपक्षीहरुबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ (१) मा नै अदालतको अनुमतिले मात्रै मुद्दा फिर्ता लिने सरकारी निर्णयको कार्यान्वयन हुन सक्ने भन्दै रिट जारी गर्नु नपर्ने मुख्य तर्क गरिएको छ । वस्तुतः प्रस्तुत मुद्दामा उल्लेखित प्रतिवादीहरु संलग्न भएको मुद्दा विपक्षी नेपाल सरकारबाट फिर्ता लिने निर्णय भई सो को कार्यान्वयनको लागी विपक्षी जिल्ला अदालत समक्ष विचारार्थ पेश भइसकेको देखिन्छ । केवल यस अदालतबाट मिति २०६७।३।३० मा जारी भएको अन्तरिम आदेशको कारणबाट सो विषयमा निर्णय हुनबाट रोकिएको स्थिति देखिन्छ । यस अवस्थामा रिट जारी गर्नु पर्छ पर्दैन भन्ने कुरामा मुख्य विचार गर्नुपर्ने हुन आएको छ ।

उपरोक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेमा अदालतको अनुमतिले फिर्ता लिन हुने व्यवस्था गरेको हुदा अदालतको निर्णय निर्णायक रहने कुरा प्रष्ट छ । अदालतले निर्णय गरेपश्चात पनि कानूनी उपचार उपलब्ध हुने नै हुँदा अहिले नै हस्तक्षेप गर्न नमिल्ने भन्ने तर्क रहेको छ ।

मुद्दा फिर्ता लिने सम्बन्धी उपरोक्त प्रश्नमा संविधान, कानून, यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त र न्यायको समग्र पक्षहरु बिचार गरी सम्बन्धीत अदालतले पुरा तवरले निर्णय गर्न सक्ने अवस्था भई विवादित मुद्दामा सरकारले फिर्ता लिने भनेको मुद्दा अहिले विपक्षी बारा जिल्ला अदालत समक्ष बिचाराधिन भइसकेको अवस्था हुँदा यस्तो अवस्थामा यस अदालतले मुद्दाको औचित्यभित्र प्रवेश गरी निर्णय गर्न हुन्छ हुदैन भन्ने प्रश्न अहिले खडा भएको पाइन्छ ।

मुद्दा फिर्ता लिने विषय र प्रक्रियामा यस फैसलामा उल्लेख भएका महत्वपूर्ण पक्षहरु विचारणीय भएको र विपक्षी नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा तथा सो गर्ने शिलशिलामा पनि बिचार गर्नुपर्ने कुराहरु हुँदाहुदै पनि विपक्षी नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गरि सकेर कार्यान्वयन स्तरमा सम्बन्धित जिल्ला अदालतमा पुगी बिचाराधिन भै सकेको बदलिएको परिस्थितिमा सक्षम अदालतले बिचार गर्न सक्ने अवस्था रहँदा रहँदै यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गरीहाल्न उपयूक्त देखिन आउँदैन ।

अव विपक्षीहरुका अतिरिक्त जिल्ला अदालतले समेत यस निर्णयमा निर्देश गरिएका विभिन्न कुराहरुलाई बिचार गरी न्यायिक तवरले निर्णय गर्न सक्ने र कसैको हक अधिकारमा गैरकानूनी हस्तक्षेप वा उल्लंघन भएमा यस अदालतको अधिकारक्षेत्र ग्रहण गर्न पाउने लगायतको बिकल्पहरु रहने नै हुँदा माग बमोजिम उत्प्रेषणको आदेश जारी गर्न पर्ने देखिएन ।

तर प्रस्तुत मुद्दामा र यस्तै विषयमा नेपाल सरकार मन्त्रीपरिषदबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग पटक पटक गरी मुद्दा फिर्ता लिने गरेको देखिएको र सो प्रयोगमा विविध र परस्पर विरोधी आधारहरु लिने गरेको देखिएकोले निम्न कुराहरुमा ध्यान दिएर मात्रै उक्त दफा २९ को प्रयोगतर्फ विचार गर्नु भनी विपक्षी नेपाल

सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतका नाममा र हाल बिचाराधिन रहेको मुद्दामा विपक्षी बारा जिल्ला अदालतले निर्णय गर्दा पनि सो बमोजिम बिचार गर्नु भनी विपक्षी बारा जिल्ला अदालतका नाममा समेत परमादेशको आदेश समेत जारी हुने ठहर्छ ।

- नेपाल सरकारले जारी गरेको सरकार वादी हुने फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि २०५५को मापदण्डको प्रकरण ४ मा उल्लेखित अपराधहरुका अतिरिक्त गम्भीर प्रकृतिका नियतवस गरेको हत्या, राज्य विरुद्धका अपराध, युद्ध अपराध, मानव अधिकार र क्रुर र अमानविय प्रकृतिका मानवता विरुद्धको अपराध, संगठीत अपराध, महिला एवं बालबालिका विरुद्धको अपराध, जाति हत्या, सार्वजनिक हक विरुद्धको अपराध जस्ता अपराधमा जुनसुकै सौदा गरी मुद्दा फिर्ता लिने निर्णय नगर्नु,
- दायर रहेको मुद्दालाई फिर्ता गर्नुपर्ने निर्णय गर्नुअघि सो गर्नुपर्ने मुनासिव कारण सम्बन्धमा मुद्दा चलाउने महान्यायाधिवक्ता वा अन्तर्गतको अभियोक्तासँग पनि परामर्श गरी मात्र मुद्दा फिर्ता गर्ने निर्णयको परिपाटि विकास गर्नु
- मुद्दा चलाइएको कानूनमा पिडितले क्षतिपूर्ति समेत पाउने व्यवस्था रहेकोमा मुद्दा फिर्ता लिँदा सो क्षतिपूर्ति पाउने कुरामा प्रतिकूल असर नपर्ने व्यवस्थामा विचार पुऱ्याउनु,
- जस्को हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको अवस्थाको प्रतिवादीको हकमा फिर्ता सम्बन्धी बिचार नगर्नु,
- घटनाबाट पिडित हुने भनेको जाहेरवाला वा पिडितलाई मुद्दा फिर्ताको सुनुवाई प्रकृयामा सहभागी हुन सक्ने गराउन सूचना दिई निजलाई आफ्नो कुरा भन्ने मौका प्रदान गर्नु,

- उल्लेखित कार्यको प्रभावकारी कार्यान्वयनको लागी नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०५५।५।१ मा स्वीकृत नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने मापदण्ड र कार्यविधिमा आवश्यक परिमार्जन गर्नु ।

प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनु, यो आदेशको जानकारी सबै अदालतहरुलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्यूटर गर्ने : निर्मला भट्ट
इति सम्वत २०६९ साल वैशाख ५ गते रोज ३ शुभम.....